२२ भाद्र २०६५
श्री सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यू
निजी सचिवालय
काठमाण्डौं, नेपाल ।

**बिषयः ज्ञापन पत्र ।**

श्री सम्माननीय प्रधानमन्त्री ज्यू,

नेपालको वर्तमान राजनैतिक संक्रमणकालिन घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम निर्वाचित प्रधानमन्त्रीको गरिमामय जिम्मेवारी वहन गर्नु भएकोमा हामी देशभर कार्यरत ६ वटा नागरिक संगठन तथा महासंघहरु यहाँलाई हार्दिक वधाई ज्ञापन गर्दै यहाँको कार्य सफलताको शुभकामना दिन चाहन्छौं ।

मुलुक नागरिकहरुको महान वलिदानको गौरवपूर्ण उपलब्धी पश्चात नयाँ संविधान निर्माण मार्फत राज्यको पुनर्संरचना र मानव अधिकार तथा सामाजिक न्यायको सुनिश्चितता गर्दै प्राप्त लोकतन्त्रलाई संस्थागत र उन्नत बनाई मुक्तिकामी, शोषित पिडित जनताको परिवर्तनको इच्छा अनुसार अघि वढिरहेको यस अवसरमा देशले सामना गर्नुपर्ने सम्पूर्ण चुनौतीहरुमा यहाँको नेतृत्वले नयाँ नेपालको निर्माणको क्रममा नवउद्धारवाद र विश्वब्यापीकरण विरुद्धको अभियानलाई अझ सशक्तरुपमा अगि वढाउनका साथै सामन्तवादको अन्त्य गर्ने महान अभियानमा विश्वसनीय एवं अर्थपूर्ण निकास प्रदान गरी राज्यलाई सम्पूर्ण नेपाली जनताको मानवअधिकार र सामाजिक न्यायको रक्षा तथा प्रवर्धन गर्दै आम जन चाहना अनुसारको दिगो शान्ति स्थापनाका लागि सक्षम बन्न योगदान पुग्नेछ भन्नेमा हामी आशावादी छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूलाई नागरिक समाजले नेपालको लोकतान्त्रिक आन्दोलनमा खेलेको सशक्त भूमिका अवगत नैं छ । मानव अधिकारको रक्षा तथा प्रवर्धन, नागरिकहरुको सामाजिक शसक्तिकरण, गरिवी तथा भोकको विरुद्द अभियान, सामाजिक, राजनैतिक तथा आर्थिक सीमान्तिकरण र बञ्चितिकरणको अन्त्य, प्राकृतिक श्रोत साधन माथिको जनताका अधिकार, महिला अधिकार स्थापित गर्ने अभियान, छुवाछुत लगायत सम्पूर्ण विभेद अन्त्यका लागि सशक्त अभियान लगायतका आन्दोलन तथा अभियानहरुमा विगत देखिनैं गैरसरकारी संघ संस्था तथा नागरिक संगठनहरुले महत्वपूर्ण भूमिका खेल्दै आएका तथ्यहरु अवगत नैं छन् । हामी हाम्रा यस्ता तमाम कार्यक्रम तथा गतिविधिहरुलाई अंझ वढी सशक्त र परिस्कृत रुपमा अगाडि बढाउन कटिवद्ध छौं ।

नागरिक समाजका उपर्युक्त कार्यक्रमहरुलाई सरलीकृत रुपमा कार्यान्वयन गर्नका लागि राज्यवाट उपयुक्त सहजिकरणको वातावरण निर्माण गर्नुपर्ने टडकारो आवश्यकता छ । सम्पूर्ण गैर सरकारी संस्था (गै.स.सं.) तथा नागरिक संगठनहरु हालसम्म पनि गै.स.सं. हरुलाई नियन्त्रण गर्नका लागि २०३४ सालमा बनाइएको संस्था दर्ता ऐन अन्तर्गत कामगर्न बाध्यछन । त्यसो भएको हुंदा नागरिक संगठनहरुले सहज र सरल तरिकाले काम गर्ने वातावरणको विकासका लागि हामी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष निम्नानुसारका वूँदाहरुमा ध्यान आकर्षण गराउन चाहन्छौ ।

१. नयाँ संविधान निर्माणमा गैर सरकारी क्षेत्र तथा नागरिक संगठनहरुको भूमिकालाई सहर्ष स्वीकार गर्दै उनीहरुको सहभागितालाइ अझ फराकिलो वनाइयोस । नागरिक संगठनहरुको सकृय सहभागिताले समावेशी, लोकतान्त्रिक र शान्तिपूर्ण नेपालको निर्माणमा महत्वपूर्ण भूमिकाका लागि उपयुक्त वातावरण प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

२. गैर सरकारी संघ संस्था तथा नागरिक संगठनहरुको स्वतन्त्रता र स्वायत्ततालाई रक्षा गर्दै नयाँ नेपाल निर्माणमा उनीहरुको भूमिकालाइ अझ प्रभावकारी वनाउन सामाजिक विकास कानुन अविलम्व निर्माण गरियोस ।

३.संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो आउन लागेको नयाँ सरकारको नीति तथा कार्यक्रमले दोश्रो जन आन्दोलनको भावनालाइ कदर गर्दै गरिवी उन्मूलन र दिगो शान्ति तर्फ जोड दिइयोस ।

४. मानव अधिकार तथा सामाजिक न्यायको पूर्ण रुपमा सुनिश्चित गरियोस र जनताको निर्भयतापूर्वक वाँच्न पाउने अधिकारलाइ प्राथमिकताकासाथ सुनिश्चित गरियोस ।

५. जनताको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चिता गर्दै खाध्य संप्रभूता, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, सुरक्षा जस्ता आधारभुत आवश्यक्तालाइ मानव अधिकारको न्युनतम आधारका रुपमा नयाँ संविधानमा मौलिक हकको रुपमा सुनिश्चित गरियोस । स्वास्थ्यलाई प्रतिकुल असर गर्ने वस्तु तथा सुर्तीजन्य पदार्थको विक्रीवितरणलाई सुर्ती नियन्त्रण र अनुगमन कानुन वनाई अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप तुरुन्त लागु गरियोस् ।

६. प्राकृतिक श्रोतहरु जस्तै जल, जमीन र जंगलको स्वामित्व, व्यवस्थापन र उपयोगको अधिकार जनतामा हस्तान्तरित गरियोस । वैज्ञानिक भुमिसुधार गरी श्रोतको पुनर्वितरण र पुर्नव्यवस्तापनले मात्र गरिवी र असमानतालाइ अन्त्य गर्न सक्छ ।

७. जातीय छुवाछूत र विभेदलाइ अन्त्य गर्न  संविधानको प्रस्तावनामा नेपाल छुवाछूत मूक्त राष्ट्र हुनेछ भन्ने उल्लेख गरी दलितहरुको राजनीतिक, आर्थिक, सामाजिक सवालहरुको एकसाथ संवोधन हुने गरी संवैधानिक आरक्षणको व्यवस्था गरियोस ।

८. नेपाल सरकारले हालसालै मात्र महिला हिंसा विरुद्द गरेको  प्रतिवद्दता तुरुन्त पूरा गरी महिला अधिकार र सुरक्षालाइ पूर्ण रुपमा ग्यारेण्टी गरियोस । राज्य, राजनैतिक पार्टी र सरकारका सबै निकायमा महिलाको निर्णायक तहमा समानुपातिक प्रतिनिधित्वको ग्यारेण्टी गरियोस ।

९. कोशी नदीको वाढीले गरेको विनास लगायत प्राकृतिक प्रकोपबाट प्रभावित  तथा पिडित जनतालाई आवश्यक राहत र पुनर्स्थापनाको व्यवस्था तदारुक्ताकासाथ गरियोस ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी दिगो शान्ति स्थापना, सिंगो नेपाली समाजको रुपान्तरण र सामाजिक विकासको अभियानमा नागरिक समाजको अभिन्न अंगको रुपमा यहाँको नेतृत्वको सरकारसँग साभ्फेदारी र सहकार्य गर्ने प्रतिवद्धता गर्दै आफ्नो महत्वपूर्ण एवं अत्यन्त  व्यस्त समयको केही अंश उपलव्ध गराई हाम्रो ज्ञापन पत्र ग्रहण गरिदिनु भएकोमा हामी आभार व्यक्त गर्दछौं ।

धन्यवाद,

| नाम | संस्था | हस्ताक्षर |
|---|---|---|
| डा. अर्जुन कार्की | अध्यक्ष, गै.स.सं. महासंघ, नेपाल | |
| गणेश विक, | अध्यक्ष, राष्ट्रिय मानव अधिकार एलाईन्स, नेपाल | |
| डा. नेत्र तिम्सिना | उपाध्यक्ष, गै.स.सं. महासंघ, नेपाल | |
| शान्तलाल मुल्मी, | महासचिव, गै.स.सं. महासंघ, नेपाल | |
| डा. सर्व राज खड्का | महासचिव, राष्ट्रिय मानव अधिकार एलाईन्स, नेपाल | |
| बोम बहादुर विश्वकर्मा | महासचिव, दलित गै.स.सं. महासंघ, नेपाल | |
| शर्मिला कार्की | सचिव, गै.स.सं. महासंघ, नेपाल | |

| | | |
|---|---|---|
| भोला भट्टराई | महासचिव, सामुदायिक बन उपभोक्ता महासंघ, नेपाल | |
| भारती पाठक | कोषाध्यक्ष, सामुदायिक बन उपभोक्ता महासंघ, नेपाल | |
| ठाकुर भण्डारी | केन्द्रीय सदस्य, सामुदायिक बन उपभोक्ता महासंघ, नेपाल | |
| अर्जुन भट्टराई | केन्दीय सदस्य, गै. स. सं. महासंघ, नेपाल, तथा अध्यक्ष, विकास पत्रकार मञ्च | |
| राजेन्द्र अर्याल | अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल | |